# त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


प.सं. :२०८०/०८१

च.नं. :

मितिः २०८०/०५/१९

### तीज विशेष कार्यक्रममा सहभागी सम्बन्धी सूचना !

श्री आमा समूह सबै,

त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक ।

यस त्रिपुरासुन्दरी गाउँपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा हिन्दु नारीहरुको महान पर्व हरितालिका तीजको अवसरमा **"हाम्रो संस्कृति हाम्रो पहिचान, संस्कृति बचाउ हाम्रो अभियान"** भन्ने मूल नाराका साथ तीज गीत प्रतियोगिता तथा शुभकामना आदानप्रदान कार्यक्रम सञ्चालन गर्न लागिएको हुदाँ कार्यक्रममा सहभागी हुन इच्छुक समूहले मिति २०८०/०५/२८ गतेसम्म यस गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा आफ्नो नाम दर्ता गराई तपसिल बमोजिमको मिति, स्थान र समयमा सञ्चालन हुन लागेको तीज गीत प्रतियोगिता तथा शुभकामना आदानप्रदान कार्यक्रममा प्रतिभा सहितको गरिमामय उपस्थितिका लागि अनुरोध छ ।

<u>तपसिलः</u>

मितिः २०८०/०५/३० गते शनिबार

स्थानः त्रिपुरासुन्दरी गाउँपालिका, पिस्कर, सिन्धुपाल्चोक ।

समयः बिहान ११:०० बजे

०८०।०५।१९

जय बहादुर वाईबा

प्रमुख प्रशासकीय अधिकृत

**नोटः** कार्यक्रममा सहभागी हुदाँ आमा समूहको चिनारी झल्काउने पोशाक, मौलिक संस्कृतिको जगेर्ना गर्ने साथै महिला तथा समसामयिक विषयवस्तु समेटी मौलिक भाकामा तय भएको तीज गीत, बाद्यबादन समूह स्वयम्ले व्यवस्था गर्नुपर्ने छ साथै सहभागी भई प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने समूहलाई उचित पुरस्कार र सम्मान पत्रको समेत व्यवस्था गरिएको छ ।